छ। उता आफैले अन्तरिम राष्ट्रपति निर्माण गर्ने भनिएको थियो। रासस

# आदर्श कोतवाल गाउँपालिका
## गाउँपालिकाको कार्यालय
### महेन्द्र आदर्श, बारा
### प्रदेश नं. २, नेपाल

## करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७५/१०/२१**

आदर्शकोतवाल गाउँ कार्यपालिकाको मिति २०७५/०५/०८ गते बसेको बैठकको निर्णय तथा "आदर्शकोतवाल गाउँपालिका नगर प्रहरी सञ्चालन एवं व्यवस्थापन कार्यविधि २०७५" को अधिनमा रही नगर प्रहरी खुल्ला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु. १०/- को टिकट टाँसी स्वयं उपस्थित भइ दरखास्त आव्हान गरिन्छ।

**१. आवश्यक माग पद संख्या**

| क्र. सं. | विज्ञापन नं. | पद/श्रेणी | आवश्यक संख्या | खुल्ला | महिला | दलित | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०२-०७५-०७६ | गाउँ नगर प्रहरी जवान/श्रेणी विहिन | ६ | ३ | २ | १ | |

**२. दरखास्त दिने मितिः** २०७५/१०/२१ गते देखि २०७५/११/६ गते सम्म

**३. दरखास्त फाराम पाइने स्थानः** आदर्श कोतवाल गाउँपालिका, महेन्द्र आदर्श चिउटाहा, बारा।

**४. दरखास्त दस्तुरः** दरखास्त फाराम साथ दस्तुर वापत रु. ५००/-

**५. गाउँपालिका नगर प्रहरीको लागि चाहिने न्यूनतम योग्यताः**

क) नेपाली नागरिक
ख) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको (महिलाको हकमा ३० वर्ष ननाघेको)।
ग) कम्तीमा ८ कक्षा उतिर्ण भएको।
घ) पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के.जी. हुनुपर्ने र महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के.जी. हुनुपर्ने।
ङ) कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने।
च) राजनीतिक दलको सदस्य नरहेको।

**६. दरखास्त साथ समावेश गर्नुपर्ने कागजहरुः**

क) नेपाली नागरिकताको प्रतिलिपी १ प्रति।
ख) हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ प्रति।
ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति।
घ) दरखास्त फारामसंग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपी पछाडीपट्टी सक्कल बमोजिम नक्कल ठिक छ भनी उम्मेदवार स्वयंले दस्तखत गर्नुपर्ने छ।
ङ) शारिरीक रुपमा स्वस्थ्य रहेको निरोगिता प्रमाण पत्र १ प्रति।

**७. परीक्षाको किसिमः**

क) शारिरिक तन्दुरुस्ती परिक्षण ख) अन्तर्वार्ता।

**पुनश्चः**

अ) पहिलो चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिनेछ र उतीर्ण उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइन्छ।
आ) दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमा लिई उम्मेदवार स्वयं उपस्थित हुनुपर्नेछ।